म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २०६ शुक्रबार, २९ फागुन २०८२ ने. सं. ११४६ चिल्लागा 13 March 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## थाहा-२ मा रास्वपाको १३ सदस्यीय वडाकमिटी सर्वसम्मत चयन

हेटौंडा, २८ फागुन/थाहा नगरपालिका वडा नं. २ मा सम्पन्न वडा भेलाबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को १३ सदस्यीय वडाकमिटी सर्वसम्मतरुपमा चयन गरिएको छ ।

भेलाले दीपेन्द्र घिमिरेको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको हो । समितिको उपसभापतिमा संगम बस्नेत, सचिवमा सुबिन ढकाल र कोषाध्यक्षमा बिजेन्द्र थापा चयन भएका छन् । यसैगरी सदस्यहरुमा विकेशबाबु बस्नेत, मेनुका थापा, प्रमिला कार्की, संजिव श्रेष्ठ, सज्जन खतिवडा केसी, दीपक थापा, नातिकाजी आलेमगर, दिलमाया तामाङ र विजय लामा चयन भएका छन् ।

नवनिर्वाचित सम्पूर्ण पदाधिकारी तथा सदस्यलाई बधाई दिँदै भेलाले वडा नं. २ का सम्पूर्ण नगरबासीको साथ र सहयोगमा सुशासन, विकास र समृद्धिको यात्रामा अघि बढ्ने विश्वास व्यक्त गरेको छ ।

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका शैक्षिक कार्यक्रमलाई व्यवस्थित बनाइँदै

## हेटौंडा-१० मा भवनको शिलान्यास

मनिल महतो

हेटौंडा, २८ फागुन/ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका शैक्षिक कार्यक्रमलाई व्यवस्थित र स्थायी संरचनाबाट सञ्चालन गर्ने उद्देश्यले हेटौंडामा प्रिफ्याब भवन निर्माणको काम औपचारिकरुपमा सुरु गरिएको छ ।

हेटौंडा-१० टिसियन क्षेत्रमा निर्माण हुन लागेको भवनको ठेक्का सम्झौता भएपछि बिहीबार देखि निर्माणकार्य अघि बढाइएको हो । भवनको बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ र प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले संयुक्तरुपमा शिलान्यास गरेका हुन् । प्रतिष्ठानको शैक्षिक गतिविधि सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधार तयार पार्ने उद्देश्यले निर्माण थालिएको यस भवनको कुल लागत ८ करोड ६१ लाख १७ हजार ९ सय १ रुपैयाँ रहेको प्रतिष्ठानका रजिष्ट्रार भीमसागर गुरागाईंले जानकारी दिएका छन् ।

गुरागाईंकाअनुसार आगामी असार मसान्तसम्म सम्पन्न गर्ने लक्ष्यसहित बिजी साबिरा चन्द्रायण जेभी काठमाडौंसँग सम्झौता गरिएको हो । नयाँ भवननिर्माण भएसँगै प्रतिष्ठानका शैक्षिक कार्यक्रम आफ्नै पूर्वाधारबाट सञ्चालन गर्न सकिने रजिष्टार गुरागाईले बताए । त्यसैगरी निर्माण कम्पनी चन्द्रायण जेभीका प्रोपाइटर राजकुमार अधिकारीले तोकिएको समयभित्र भवनको निर्माण सम्पन्न गरिसक्ने प्रतिबद्धता व्यक्त गरे । अनेपक्षित घटना बाहेक सामान्य अवस्थामा ४ महिनाभित्र कार्य सम्पन्न गरेर हस्तान्तरण गर्ने आफूहरुको लक्ष्य रहेको उनले बताए । यद्यपि, अर्न्तराष्ट्रियस्तरमा भएको द्वन्द्वको कारण हुने मूल्यबृद्धि चुनौतीको रुपमा रहेको प्रोपाइटर अधिकारीले उल्लेख गरे ।



मुख्यमन्त्री बानियाँले प्रतिष्ठानका शैक्षिक कार्यक्रमलाई एउटै स्थानबाट व्यवस्थित ढंगले सञ्चालन गर्न भवन निर्माण गर्न लागिएको बताएका छन् । तोकिएकै समयमा काम सक्न र सरकारबाट बोनस समेत लिनका लागि निर्माण कम्पनीलाई उनले आग्रह गरे । मुख्यमन्त्री बानियाँले निर्माणकार्यको लागि आवश्यक सामग्रीको मौज्दात राख्न पनि निर्देशन दिए । कुनैपनि बहानामा निर्माणकार्यमा ढिलासुस्ती हुन नदिन पनि उनले निर्माण कम्पनीलाई सचेत गराए । कार्यक्रममा बागमती प्रदेशका पूर्बमुख्यमन्त्री पौडेल, भौतिक पूर्वाधार विकास मन्त्री डाक्टर दिनेशचन्द्र देवकोटा, स्वास्थ्यमन्त्री किरण थापा, बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, प्रतिष्ठानका उपकुलपति डाक्टर प्रदीप ज्ञवालीलगायतको आतिथ्यता रहेको थियो ।

निर्माण हुने भवन आधुनिक संरचनासहित तयार पारिने योजना रहेको छ । भवनमा कक्षाकोठा, प्रशासनिक कक्ष, प्रयोगशालालगायत आवश्यक पूर्वाधार समावेश गरिने जनाइएको छ । प्राविधिकरुपमा तयार पारिने यस संरचनाले स्वास्थ्य शिक्षासँग सम्बन्धित विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गर्न सहज वातावरण उपलब्ध गराउने अपेक्षा गरिएको छ । हाल प्रतिष्ठानले शैक्षिक कार्यक्रम सञ्चालन गर्न भाडामा लिइएका कोठा प्रयोग गर्नुपरेको अवस्था छ । स्थायी भवनको अभावका कारण शैक्षिक गतिविधि सञ्चालनमा केही असहजता रहँदै आएको थियो । तर, नयाँ भवन निर्माण भएसँगै प्रतिष्ठानका शैक्षिक कार्यक्रम आफ्नै पूर्वाधारबाट सञ्चालन गर्न सकिने अवस्था सिर्जना हुने बताइएको छ ।

प्रतिष्ठानले पछिल्ला वर्षमा स्वास्थ्यक्षेत्रसँग सम्बन्धित विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको छ । दक्ष स्वास्थ्य जनशक्ति उत्पादन गर्ने उद्देश्यले स्थापना गरिएको प्रतिष्ठानलाई प्रदेशस्तरको प्रमुख स्वास्थ्य शैक्षिक संस्थाकारुपमा विकास गर्ने योजना बागमती प्रदेश सरकारले अघि सारेको छ । भवन निर्माण सम्पन्न भएपछि प्रतिष्ठानका कक्षा सञ्चालन, तालिम कार्यक्रम, शैक्षिक व्यवस्थापन तथा प्रशासनिक कामकाज एकीकृत रुपमा सञ्चालन गर्न सहज हुने विश्वास गरिएको छ ।

## मकवानपुरमा ४० दिन सेवा दिएका निर्वाचन प्रहरीलाई बिदाई

# राष्ट्रसेवकका रुपमा सधैं जिम्मेवार भएर उभिन आग्रह



साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षाका लागि भर्ना गरिएका निर्वाचन प्रहरीले आफ्नो कार्यअवधि पूरा गरेका छन् ।

निर्वाचनसुरक्षामा खटिन मकवानपुरमा नेपाल प्रहरीतर्फबाट १ हजार ९ सय २३ जना निर्वाचन प्रहरी ४० दिनका लागि भर्ना गरि एको थियो । राज्यले दिएको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्दै उनीहरु बिहीबारबाट बिदा भएका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरको आयोजनामा हेटौंडा-४ स्थित हुप्रचौरमा बिदाइ कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, मकवानपुरका प्रहरी प्रमुख श्यामबहादुर खत्री तथा नेपाल पत्रकार महासंघ बागमती प्रदेश अध्यक्ष कृष्ण सारुमगरलगायतको उपस्थितिमा निर्वाचन प्रहरीलाई प्रमाणपत्रसहित बिदाइ गरिएको हो ।

कार्यक्रममा प्रजिअ अधिकारीले फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न गराउन निर्वाचन प्रहरीको महत्वपूर्ण भूमिका रहेको बताएका छन् । निर्वाचन प्रहरीको जिम्मेवारीबाट बिदा भएपनि बिना बर्दी पनि राष्ट्रसेवककारुपमा सधैं जिम्मेवार भएर उभिन उनले आग्रह गरे । प्रजिअ अधिकारीले ४० दिनको अवधिमा सिकेका अनुशासन, जिम्मेवारी र सेवाभावलाई व्यक्तिगत जीवन, परिवार तथा समाजमा समेत लागू गर्न आग्रह गरेका छन् । जिल्ला सुरक्षा समितिलाई कुनै कारणवश थप जनशक्ति आवश्यक परे नेपाल सरकारले निर्णय गरेपछि पहिलो प्राथमिकतामा पुनः खटाइने जनशक्ति निर्वाचन प्रहरी नै हुने उनको भनाइ थियो ।

नागरिककारुपमा रहँदा मस्तिष्कमा समझदारी, हृदयमा इमान्दारी र काँधमा जिम्मेवारी सधैं बोकेर अघि बढ्न पनि उनले आग्रह गरे । यसैबीच निर्वाचनमा खटिएका निर्वाचन प्रहरीले आफूले पाएको जिम्मेवारीलाई राज्यको सेवा गर्ने अवसरकारुपमा लिएको बताएका छन् । निर्वाचन प्रहरी दण्डदिने निकायभन्दा पनि नागरिक्लाई जिम्मेवार बनाउँदै शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गराउने टोली भएको उनीहरुको भनाइ थियो । तालिममा सिकेका ज्ञान र सीपलाई आफूहरुले कर्मक्षेत्रमा कुशलतापूर्वक प्रयोग गरेको उनीहरुले बताएका छन् । आफूहरुले पाउनुपर्ने सेवासुविधा समयमै उपलब्ध हुनुपर्ने माग पनि गरेका छन् ।

निर्वाचन सुरक्षाकै क्रममा मकवानपुरमा एकजना निर्वाचन प्रहरीको दुर्घटनामा परी मृत्यु भएको थियो । हेटौंडा-८ कर्रा पुलनजिकै सुरक्षामा खटिएका रौतहटको विजयपुर नगरपालिका-७ का पवन साहलाई फागुन १८ गते योद्धा पिकअप गाडीले ठक्कर दिँदा मृत्यु भएको थियो । मकवानपुरका प्रहरीप्रमुख खत्रीले मृतक साहका परिवारलाई कानूनबमोजिम उपलब्ध हुने क्षतिपूर्ति प्रदान गरिने बताएका छन् ।

# मकवानपुरमा प्रहरीमाथि आक्रमण



साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ मकवानपुरको मनहरी गाउँपालिका-१ मकरीमा प्रहरीमाथि आक्रमण गर्ने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ भने एकजना गोली लागेर घाइते भएका छन् ।

बुधबार राति लागूऔषध सेवन तथा झैझगडा भइरहेको भन्ने सूचनापछि पदमपोखरी प्रहरी चौकीबाट प्रहरी सहायक निरीक्षक दिलबहादुर तामाङको कमाण्डमा प्रहरीटोली घटनास्थल पुगेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीकाअनुसार घटनास्थलमा रहेका व्यक्तिसँग सोधपुछ गर्ने क्रममा उनीहरुले अचानक बियरको बोतल, खुकुरी र बन्चरो प्रयोग गरी प्रहरीमाथि आक्रमण गरेका थिए । आक्रमणबाट प्रहरी सहायक निरीक्षक तामाङका दुवै हातमा चोट लागेर घाइते भएका छन् ।

प्रहरीमाथि आक्रमण भएपछि आत्मरक्षाका लागि तामाङले आफ्नो साथमा रहेको पेस्तोलबाट एक राउण्ड गोली चलाएका थिए । यसक्रममा हेटौंडा उपमहानगरपालिका-१२ हात्तीगौंडाका करिब १९ वर्षीय सनिस तितुङको पेटको दाहिने भागमा गोली लागेको प्रहरीले जनाएको छ । घाइते प्रहरी तथा गोली लागेका तितुङलाई उपचारका लागि चुरेहिल अस्पतालमा भर्ना गरिएको छ । घटनापछि जिल्ला प्रहरी कार्यालय मकवानपुर बाट प्रहरी नायवउपरीक्षक पुष्कर बोगटीको कमाण्डमा खटिएको थप प्रहरीटोलीले घटनामा संलग्न हेटौंडा उपमहानगरपालिका-१२ रमनटारका २४ वर्षीय सन्जय जिम्बा र ३५ वर्षीय अजय थिङलाई पक्राउ गरेको छ ।

प्रहरीका अनुसार पक्राउ परेका दुईजना तथा गोली लागेर घाइते तितुङ विगतमा लागूऔषध, ज्यानमार्ने उद्योग तथा चोरीसम्बन्धी विभिन्न आपराधिक गतिविधिमा संलग्न रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# आजबाट खेलकुद महोत्सव सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ खेलकुद क्षेत्रको विकासका लागि भन्दै आजबाट हेटौंडाको टिसिएनचौरमा हुन लागेको खेलकुद, कृषि तथा पर्यटन महोत्सवमा विभिन्न ६ वटा विधामा खेलकुद प्रतियोगिता हुने भएको छ ।

महोत्सव आयोजनास्थल टिसिएनमै खेलकुदका प्रायः प्रतियोगिता आयोजना गर्ने तयारी गरिएको छ । २९ र ३० गते जिल्लास्तरीय ब्याड्मिन्टन प्रतियोगिता, २९ गते नै जिल्लास्तरीय महिला र पुरुष १० किलोमिटर दौड प्रतियोगिता, चैत्र १ देखि ३ गतेसम्म जिल्लास्तरीय पुरुष भलिबल प्रतियोगिता, चैत्र ४ देखि ८ गतेसम्म राष्ट्रिय महिला भलिबल प्रतियोगिता, ९ र १० गते जिल्लास्तरीय कराँते प्रतियोगिता तथा चैत्र ११ देखि १३ गतेसम्म तेक्वान्दोको राष्ट्रिय प्रतियोगिता हुने मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मोक्तानले जानकारी दिए । राष्ट्रिय महिला भलिबल प्रतियोगिताको विजेताले ३ लाख, उपविजेताले २ लाख तथा सेमिफाइनल खेल्ने २ टोलीले समान ५० हजार रुपैयाँसहित ट्रफी, मेडल, प्रमाणपत्र प्राप्त गर्नेछन् ।

सर्वोत्कृष्ट खेलाडीलाई १५ हजार र अन्य विधागत उत्कृष्ट खेलाडीलाई समेत पुरस्कारको व्यवस्था गरिएको अध्यक्ष मोक्तानले बताए । जिल्लास्तरीय पुरुष भलिबल प्रतियोगिताको विजेता, उपविजेतालाई क्रमशः नगद १ लाख र ५० हजार तथा सेमिफाइनल पुग्ने टोलीलाई समान १५ हजार रुपैयाँ प्रदान गरिनेछ । सर्वोत्कृष्ट खेलाडीलाई नगद ७ हजार तथा अन्य विधागत उत्कृष्टलाई नगदसहित पुरस्कारको व्यवस्था रहेको आयोजक खेलकुद विकास समितिका सदस्य मदन उप्रेतीले बताए । ब्याड्मिन्टन प्रतियोगिता भने हेटौंडा-११ थानाभन्याङस्थित कभर्ड हलमा आयोजना गरिनेछ ।

ब्याड्मिन्टन प्रतियोगिताको विजेताले २० हजार, उपविजेताले १० हजार तथा सान्त्वनाले ५/५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । दौड, तेक्वान्दो र करातेका विजेतालाई नगद, ट्रफी र प्रमाणपत्रको व्यवस्था रहेको आयोजकले जानकारी दिएको छ । चैत्र १४ गतेसम्म हुने महोत्सवको तयारीलाई तीव्र पारिएको छ । अहिले महोत्सवस्थलको घेराबारासहित स्टेज, स्टल, खेलमैदान, बालउद्यानलगायत संरचना निर्माणको काम भैरहेको छ । महोत्सवबाट बचेको रकमले मकवानपुर जिल्ला खेलकुद विकास समितिको भवन निर्माण र खेलसामग्री खरिद गर्ने आयोजकको लक्ष्य छ । महोत्सव सञ्चालनमा करिब ८० लाख रुपैयाँ खर्च हुने बताइएको छ ।

४ सयवटा व्यावसायिक स्टल रहने महोत्सवमा खेल, व्यापार, कृषि र पर्यटनलाई एउटै थलोमा जोड्ने उद्देश्य आयोजकको छ । महोत्सवमा दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारबाट सांगीतिक प्रस्तुति रहनेछ । खेलकुद महोत्सवमा खेल क्षेत्रका १० जनालाई जनही नगद २५ हजार रुपैयाँसहितम सम्मान गर्ने तयारी रहेको छ ।



साझाकुरा

## हाम्रो कुरा

# लोप हुँदै पुरानो प्रबिधि

हाम्रा अग्रजहरुले आविस्कार गरेका परम्परागत प्रबिधिको प्रयोग लोप हुने खतरामा छ । आधुनिक समयले पुराना प्रबिधिलाई बिस्थापन गर्दै लगेको छ । चाहे यो राजनीतिमा होस् वा घरायसी प्रयोगमा होस् । ढिकी, जाँतो, उड्कल, कोल, चेपुवा, हलो जस्ता परम्परागत प्रबिधिको प्रयोग हुन छोडेको छ । आधुकिताले गाउँघरलाई पनि ढपक्क पार्देछ । गाउँघरमा कुटानी पिसानीका लागि प्रयोगमा आउने परम्परागत र मौलिक प्रबिधि ढिकीजाँतोको प्रचलन लोप हुँदै गएको छ । ग्रामीण बस्तीमा धान, मकै कुट्ने, पिठो पिस्नेलगायत कामका लागि आधुनिक विद्युतीय मिल भित्रिएपछि ढिकीजाँतोको प्रयोग हराएको हो । कुटानी, पिसानीको सहज माध्यमकारुपमा बजारमा विद्युत् तथा पेट्रोल, डिजेलबाट चलाउन सकिने आधुनिक मिल आउन थालेपछि ढिकीजाँतोको प्रयोग हराउन थालेको छ । मानिसहरु उत्पादनमुखी भन्दा पनि आयातित चामल, दाललगायत खाद्यसामग्री प्रयोगमा बढी निर्भर हुँदा पनि ढिकीजाँतोको चलन हराएको देखिन्छ । विगतमा ढिकी र जाँतोमा धान कुट्ने, गहुँ, कोदो, मकै, फापर, दाललगायत पिस्ने काम हुने गरेको थियो । पछिल्लो समयमा आधुनिक मिलको सहायताले मानिस कुटानी पिसानी गर्दै आएका छन् ।

दशक अघिसम्म स्थानीयको घरमा ढिकीजाँतो अनिवार्य हुने गरेको भएपनि त्यो चलन हिजोआज हराएको थाहानगरबासीले बताएका छन् । पितापुर्खाले चलन गरेको यस्ता प्रविधिको संरक्षण गर्न आवश्यक रहेको उनीहरुको भनाइ छ । गाउँघरमा परम्परागतरुपमा प्रयोगमा ल्याइने ढिकीजाँतो, पानीघट्टको चलन हराएको अवस्था छ । पहिला गाउँघरमा ढिकीजाँतो अनिवार्यजस्तै थियो । अहिले त्यस्तो अवस्था रहेन । प्रविधिको विकाससँगै ढिकीजाँतोको चलन इतिहास बन्ने अवस्था छ । गाउँघरमा विद्युत् पुगेसँगै मकवानपुरका अधिकांश ग्रामीणक्षेत्रमा विद्युतबाट चल्ने मिल राखेर धान, मकै कुट्ने, तेल पेल्नेदेखि पिठो पिसाउन थालेपछि गाउँमा परम्परागतरुपमा चल्दै आएका ढिकीजाँतो हराएका हुन् । कुटानी-पिसानीका लागि आधुनिक मिलले सहज भएपछि ढिकीजाँतो भने लोप हुँदै गएको कैलाशका स्थानीयको भनाइ छ । मानिसले बढी मेहनत गर्नुपर्ने भए पनि ढिकीजाँतोमा कुटेका खाने कुरा स्वास्थ्यकर र स्वादिष्ट हुने कैलाश गाउँपालिकाबासी बताउँछन् । आधुनिक मिलमा कुटानी-पिसानीका लागि सहज छ तर, परम्परागत चलन हराउँदै गएको अवस्था छ । मिलमा कुटानी-पिसानीका लागि छिटो हुने भएकाले ढिकीजाँतोको चलन हराएको उनीहरुले बताएका छन् । गाउँका प्रत्येकजसो घरमा देखिने ढिकी तथा जाँतो पछिल्लो समय लोप भएको उनीहरुको भनाइ छ । भौगोलिकरुपमा विकट र विद्युत् पुग्न नसकेका गाउँमा भने अहिलेसम्म ढिकी तथा जाँतोको प्रयोग हुने गरेको छ । विद्युत् पुगेका ठाउँमा परम्परागतरुपमा रहेका ढिकी तथा जाँतो प्रयोग गर्ने चलन हराएको स्थानीय बताउँछन् । नयाँ प्रविधिको विकासले परम्परागत ढिकीजाँतो इतिहास बन्ने अवस्था आएको छ ।

परम्परागतरुपमा प्रयोग गर्दै आएका ढिकीजाँतोलाई संरक्षण गर्न आवश्यक रहेको स्थानीयको भनाइ छ । पूजाआजामा प्रयोग गरिने पिठो चामललगायत कुट्नका लागि ढिकी अनिवार्य जस्तै थियो । परम्परगतरुपमा गरिने काममा मेहनत धेरै परेपनि कम खर्चिलो हुने स्थानीयले बताएका छन् । मेहनत बढी परेपनि ढिकीजाँतोको सहजताले कुटिएका खानेकुरा लाभदायक हुन्छ, उनीहरुले भने, यस्तो चलन गाउँघरबाट हराउँदै जानु दुःखद् हो । यी कुरालाई हामीले पनि संरक्षण गर्न आवश्यक छ । आधुनिक मिलले मानिसको दैनिक जीवनमा सहजता प्रदान गरेपनि खाद्यान्नमा हुने पौष्टिकतत्व भने नष्ट हुने स्थानीयवासीको भनाइ छ । परम्परागतरुपमा चलन आउने गरेका प्रविधिको संरक्षण गरेर नयाँ पुस्तासम्म पुऱ्याउन आवश्यक रहेको स्थानीय जानकारहरु बताउँछन् । केहीवर्ष अघिसम्म थाहानगरबासीले उड्कलमा लुसीले कुटेको स्वादिष्ट चिउरा खाने गरेका थिए । तर, हिजोआज उड्कल देखिन छाडेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ फागुन ३० गते शनिबार १४ मार्च २०२६ । दशमी, चैत्र कृष्णपक्ष । चिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:१७ सूर्यास्त ६:११ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यापारमा फाइदा मिल्नेछ | **तुला** | : प्रतिष्ठित काम पाइनेछ |
| **वृष** | : इनाम हात पर्नेछ | **वृश्चिक** | : सामाजिक दायित्व बढ्नेछ |
| **मिथुन** | : श्रम खेर जानेछ | **धनु** | : काममा सहयोग मिल्नेछ |
| **कर्कट** | : पढाइमा प्रगति हुनेछ | **मकर** | : अनावश्यक खर्च हुनेछ |
| **सिंह** | : उत्साहमा कमी आउनेछ | **कुम्भ** | : चिताएको काम बन्नेछ |
| **कन्या** | : आफन्तबाट धोका हुनेछ | **मीन** | : नसोचेको फाइदा पाइनेछ |

# रास्वपा र नेपालमा नयाँ राजनीतिको निर्माण



✍ राकेश कर्ण

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले जनस्तरमा व्याप्त परिवर्तनको चाहना, युवाका सपना र शहरी क्षेत्रको सेवा प्रवाहप्रतिको अपेक्षालाई एक सुव्यवस्थित चुनावी अभियानमा रूपान्तरण गरेको छ । २१ फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा यसको प्रभाव निकै उत्साहजनक देखिएको छ । रास्वपाको यो सफलता मूलतः तीन वटा बलिया आधारमा टिकेको छः भ्रष्टाचार निवारण र नयाँ पुस्तालाई नेतृत्वमा ल्याउने संकल्प, प्रविधिमा आधारित जनपरिचालन र वाचापत्र एवं नीतिगत प्रस्थानका १०० आधार जस्ता दूरदर्शी योजनाहरू ।

यो लेखले रास्वपाको उदयलाई केवल एक आकस्मिक घटना मात्र नभई नेपाली समाज र राजनीतिको सचेत रूपान्तरणको रूपमा वस्तुपरक ढंगले विश्लेषण गर्ने प्रयास गरेको छ । पार्टीले नवीन नेतृत्वको छवि, शहरी तथा अर्ध-शहरी क्षेत्रको आवश्यकतालाई सम्बोधन गर्ने रणनीति र प्रभावकारी सञ्चारमाध्यमको प्रयोग गरी जनमतलाई परिणाममा बदल्न सफल भएको छ ।

रास्वपाले आफूलाई कार्यसम्पादनमा आधारित एक उत्कृष्ट विकल्पका रूपमा प्रस्तुत गरेको छ । यसले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री, पूर्ण समानुपातिक संसद् र दलरहित स्थानीय सरकार जस्ता सुधारवादी प्रस्तावहरू मार्फत शासन व्यवस्थालाई अझ बढी जनमुखी बनाउने लक्ष्य राखेको छ । साथै, रास्वपाको यो लक्ष्य प्राप्तिका लागि नेपालको विद्यमान आर्थिक र संरचनात्मक स्वरूपमा केही रचनात्मक सुधारहरूको आवश्यकता देखिन्छ । नेपालको अर्थतन्त्रलाई विप्रेषण र उपभोगमा मात्र सीमित नराखी उत्पादनमुखी बनाउनु, व्यापार घाटा कम गर्नु र वैदेशिक लगानी भित्र्याउनु आजको आवश्यकता हो । रास्वपाका आर्थिक तथा कल्याणकारी योजनाहरू र संवैधानिक परि मार्जनको एजेन्डा सफल बनाउन राजनीतिक दलहरू बीचको साझा सहमति, राज्यको क्षमता अभिवृद्धि र संघ-प्रदेश बीचको सम्बन्धलाई अझ प्रगाढ बनाउनु जरूरी छ ।

यदि रास्वपाले संस्थागत विकासमा ध्यान दिँदै अघि बढेमा यसले नेपालको शासन प्रणालीमा महत्वपूर्ण सकारात्मक परिवर्तन ल्याउन सक्छ । यसका लागि पार्टीको आन्तरिक लोकतन्त्रलाई थप सुदृढ बनाउने, सबै विचार धाराका दलहरूसँग सहकार्य गर्ने र जलवायु परिवर्तन तथा ऊर्जा व्यापार जस्ता आधुनिक विषयहरूलाई प्राथमिकतामा राख्नु श्रेयस्कर हुनेछ । यस्ता प्रयासहरूले रास्वपालाई एउटा दिगो र भरोसायोग्य राजनीतिक शक्तिका रूपमा स्थापित गर्नेछ र नेपालको लोकतन्त्रलाई अझ बढी समावेशी र स्थिर बनाउन मद्दत पुग्नेछ ।

### रास्वपा सफलताका आधार

#### १. शासन व्यवस्थाप्रतिको उच्च अपेक्षा र सुधारको चाहना

सन् २०१५ को संविधान जारी भए पश्चात् नेपालले धेरै सरकार, गठबन्धनहरूको परिवर्तन र विभिन्न नीतिगत चुनौती देख्दै आएको छ । यसक्रममा आम नागरिकले नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र र मधेश केन्द्रित दलहरूबाट अझ प्रभावकारी र पारदर्शी भूमिकाको अपेक्षा राखेका थिए । विगतमा गठबन्धनको राजनीति बढी सत्ता केन्द्रित र भागबन्डामा केन्द्रित देखिएकाले, विकासका एजेन्डा र सामाजिक करारका विषयमा थप फराकिलो बहसको आवश्यकता महसुस गरिएको थियो ।

यस पृष्ठभूमिमा, संघीयताको कार्यान्वयन, आर्थिक रूपान्तरण र नागरिक सेवा प्रवाहलाई थप चुस्त बनाउनुपर्ने आवाज शहर र शहरी आसपासका क्षेत्रहरूमा निकै बलियो भयो । रोजगारी, पूर्वाधार निर्माण र सामाजिक सुरक्षाका क्षेत्रमा अझ तीव्र गतिमा काम गर्ने अवसरहरू विद्यमान थिए । यस्तो अवस्थामा, भ्रष्टाचार विरोधी अभियान, प्राविधिक दक्षता र नयाँ पुस्ताको प्रतिनिधित्व गर्ने एउटा राजनीतिक दलको उदय हुनु स्वाभाविक र समयसापेक्ष थियो । रास्वपाले यी आवश्यकताहरूलाई आफ्नो मुख्य ध्येय बनाउँदा जनताले यसलाई आशाको किरणका रूपमा ग्रहण गरे ।

#### २. युवा जनशक्ति, डिजिटल राजनीति र परिवर्तनको लहर

२०२२-२०२६ को चक्रमा ३० लाखभन्दा बढी युवा नेपाली मतदानका लागि योग्य थिए, र २०२६ को आम निर्वाचनअघि करिब १० लाखले पहिलो पटक मतदाताको रूपमा नाम दर्ता गराएका थिए । तीमध्ये धेरैजसोले यसअघि दलीय संरचनाभन्दा पनि मुख्यतया सामाजिक सञ्जाल र आन्दोलनहरूका माध्यमबाट राजनीतिमा चासो देखाएका थिए । यो नयाँ पुस्ताले परम्परागत पार्टीका भ्रातृ संगठन वा विद्यार्थी युनियन मार्फत भन्दा पनि मुख्यतया सामाजिक सञ्जाल र विभिन्न अभियानका माध्यमबाट राजनीतिलाई बुझ्ने र आत्मसात् गर्ने काम गरिरहेको छ । 'मेरो मतको महत्त्व' जस्ता सचेतना कार्यक्रम र युवा नेतृत्वका डिजिटल सक्रियताले अनलाइन माध्यमहरूमा र राजनीतिक बहसलाई सामान्यीकरण गरिदिएका छन् । यसले गर्दा सूचनाको प्रवाहका लागि अब पुराना दल वा परम्परागत मिडियाको भर पर्नुपर्ने अवस्थाको अन्त्य भएको छ ।

रास्वपाको उदय यही डिजिटल राजनीतिक परिवेशको जगमा उभिएको छ । स्वतन्त्र उम्मेदवारहरूले बलियो 'अनलाइन ब्रान्ड' का माध्यमबाट शहरी क्षेत्रमा स्थापित दलहरूलाई पराजित गर्न सक्छन् भन्ने उदाहरण यसअघि नै देखिएको थियो । सन् २०२५ को युवा आन्दोलनले यस प्रवृत्तिलाई अझ गहिरो बनाइदिए । यसले के प्रमाणित गऱ्यो भने टिकटक, फेसबुक लाइभ र युट्युब बहसमा अभ्यस्त पुस्ता सडक र अनलाइन दुवै ठाउँमा यथास्थितिवादी राजनीतिलाई चुनौती दिन तयार छ । रास्वपाको अभियानलाई यही सकारात्मक परिवर्तनको चाहना र युवा ऊर्जालाई एउटा राष्ट्रिय चुनावी शक्तिको रूपमा संस्थागत गर्ने प्रयासका रूपमा बुझ्न सकिन्छ ।

### रास्वपाको सफलता पछाडिको सामाजिक-राजनीतिक इन्जिनियरिङ

#### १. भ्रष्टाचार विरोधी अभियान र पुस्तान्तर न्यायको "बृहत् भाष्य"

रास्वपाले आफ्नो मुख्य एजेन्डा भ्रष्टाचार निवारण, जवाफदेहिता र कार्यक्षमतामा केन्द्रित गऱ्यो । यसले विद्यमान राजनीतिक प्रणालीमा देखिएका नीतिगत विचलन र दलीय स्वार्थका कारण राज्यका निकायहरूमा परेको प्रभावलाई सुधार गर्नुपर्ने आवश्यकता औंल्यायो । परम्परागत वामपन्थी वा दक्षिणपन्थी विचार धाराको साटो, पार्टीले "बहुलवादी लोकतन्त्र", उदार अर्थतन्त्र र सामाजिक न्यायलाई आफ्नो मार्गदर्शक सिद्धान्त बनायो । यसरी राजनीतिलाई केवल सत्ताको खेल मात्र नभई कार्यसम्पादन, पारदर्शिता र सबै पुस्ताको प्रतिनिधित्व सुनिश्चित गर्ने माध्यमका रूपमा पुनः परिभाषित गऱ्यो ।

यो भाष्यले दैनिक प्रशासनिक झन्झट, ढिलासुस्ती र सेवा प्रवाहमा हुने असुविधाबाट आजित भएका शहरी मध्यमवर्गीय मतदाताहरूलाई निकै आकर्षित गऱ्यो । साथै, बेरोजगारी र वैदेशिक रोजगारीको अनिश्चितता खेपिरहेका श्रमजीवी युवाहरूमा पनि यसले आशा जगायो । 'पुस्तान्तर न्याय' मा जोड दिँदै, पार्टीले आफूलाई पुराना वैचारिक द्वन्द्व र शक्ति सन्तुलनको राजनीतिभन्दा माथि उठेर, आधुनिक र गतिशील नेतृत्वको संवाहकका रूपमा प्रस्तुत गरेको छ ।

#### २. नेतृत्वको संरचना र प्रतीकात्मक राजनीति

रास्वपाको नेतृत्व संरचना आफैंमा एक सोचविचार गरी गरिएको व्यवस्थापन थियो । सञ्चार क्षेत्रबाट चिनिएका र भ्रष्टाचार विरुद्धका अभियन्ता रवि लामिछाने र शहरी सुशासनको नयाँ ब्रान्ड स्थापित गरेका बालेन्द्र (बालेन) शाह (ऱ्यापर-मेयर) जस्ता व्यक्तित्वहरूको संयोजनले युद्धकालीन नेतृत्व र पुरानो वैचारिक विभाजनबाट पूर्ण रूपमा अलग भएको सङ्केत गऱ्यो । पछि अर्थशास्त्री स्वर्णिम वाग्ले जस्ता पात्रहरूको संलग्नता वा सद्भावले यो 'आउटसाइडर' छविलाई थप बौद्धिक र कार्यकुशल बनायो ।

यस्तो विविधतापूर्ण नेतृत्वका कारण पार्टीले एकैसाथ शहरी युवा, मध्यमवर्गीय पेशेवरहरू, गैर-आवासीय नेपाली (डायस्पोरा) र निजी क्षेत्रका विभिन्न तप्कासँग संवाद गर्न सफल भयो । रास्वपाका लागि यसको नेतृत्व केवल सञ्चारको माध्यम मात्र नभई "पुरानो राजनीति" बाट विश्राम लिने एउटा बलियो सङ्केत पनि बन्यो । साथै, यसले अघिल्लो दशकमा प्राप्त भएका राज्य निर्माण र संघीयताका उपलब्धिहरूलाई पूर्ण रूपमा अस्वीकार नगरी ती उपलब्धिहरूलाई कसरी अझ परिष्कृत र नतिजामुखी बनाउन सकिन्छ भन्ने दिशामा आफूलाई उभ्याएको छ ।

#### ३. चुनावी रणनीति र जनलहरलाई मतदानमा रूपान्तरण

रास्वपाले मुख्यतया शहरी र अर्ध-शहरी निर्वाचन क्षेत्रहरू- विशेषगरी काठमाडौं उपत्यका र अन्य प्रमुख शहरहरूमा आफ्नो ध्यान केन्द्रित गऱ्यो । यी क्षेत्रहरूमा स्मार्टफोन र सामाजिक सञ्जालको पहुँच उच्च हुनुका साथै नागरिकहरूमा गुणस्तरीय सेवा प्राप्तिको तीव्र चाहना थियो । पुराना दलहरू बीचको बहुपक्षीय प्रतिस्पर्धाको फाइदा उठाउँदै रास्वपाले ती क्षेत्रहरूमा उल्लेख्य सफलता हासिल गऱ्यो, जहाँ परिवर्तन चाहने मतदाताहरू यसका उम्मेदवारहरूको पक्षमा गोलबद्ध भएका थिए ।

पार्टीले सन् २०२५ को युवा नेतृत्वको आन्दोलनबाट उब्जिएका मुद्दाहरूलाई अत्यन्तै कुशलतापूर्वक आत्मसात् गऱ्यो र नागरिकहरूको स्वाभाविक चाहनालाई एक सुव्यवस्थित चुनावी योजनामा रूपान्तरण गरिदियो । संचारकर्मी लगायतका सञ्चारमाध्यमहरूले सार्वजनिक गरेका नतिजाहरूका अनुसार यो रणनीति प्रदेश तहसम्मै सफल देखियो । रास्वपाले स्थापित दलका शीर्ष नेताहरूलाई उनीहरूकै बलियो पकड क्षेत्रमा समेत कडा चुनौती दिँदै प्रतिनिधिसभामा एक प्रमुख शक्तिको रूपमा आफूलाई उभ्याउन सफल भयो ।

### "इन्जिनियरिङ" का आर्थिक र वित्तीय आयाम

#### १. आर्थिक सन्देश र मध्यमवर्गीय आकर्षण

रास्वपाको घोषणापत्रले उत्पादनमा आधारित आर्थिक वृद्धि, उदार तर सामाजिक रूपमा न्यायपूर्ण अर्थतन्त्र र मध्यमवर्गका मुख्य सरोकारहरू जस्तै- कर प्रणाली, जीवनयापनको लागत, सहकारी ठगी नियन्त्रण र गुणस्तरीय सार्वजनिक सेवामा पहुँचलाई विशेष प्राथमिकता दिएको छ । आगामी पाँच वर्षमा औसत ७ प्रतिशतको आर्थिक वृद्धिदर, प्रतिव्यक्ति आम्दानी ३,००० अमेरिकी डलरभन्दा माथि पुऱ्याउनेह र ५ देखि ७ वर्षभित्र नेपालको अर्थतन्त्रलाई करिब १०० अर्ब डलरको आकारमा पुऱ्याउने जस्ता लक्ष्यहरूले आर्थिक शिथिलताबाट निराश भएका मतदाताहरूमा एक सकारात्मक र महत्त्वाकांक्षी रक्तसञ्चार गराएको छ ।

घोषणापत्रले वित्तीय क्षेत्रमा देखिएका विकृतिहरू, विशेषगरी सहकारी क्षेत्रका समस्याहरूलाई सम्बोधन गर्दै कडा नियमन, प्रभावकारी सुपरीवेक्षण र बचतकर्ताको सुरक्षा सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ । रास्वपाको यो आर्थिक खाकाले पार्टीलाई केवल वितरणमुखी वा परम्परागत शैलीमा भन्दा पनि आधुनिकीकरण र नियममा आधारित पुँजीवादको पक्षधरका रूपमा उभ्याएको छ ।

#### २. दलको आर्थिक स्रोत र पारदर्शिताका चुनौती

आफ्नो घोषणापत्रमा सुशासनलाई मुख्य प्राथमिकता दिएको रास्वपाले आफ्नै पार्टीको आर्थिक व्यवस्थापनलाई पनि थप पारदर्शी र प्रविधिमैत्री बनाउने प्रयास गरिरहेको छ । 'नेपाल इन्भेस्टिगेटिभ मल्टिमिडिया जर्नालिज्म नेटवर्क' (निम्जिन)को एक प्रतिवेदन अनुसार, रास्वपाले चुनावी वर्षमा करिब १ करोड ८६ लाख रुपैयाँ व्यक्तिगत चन्दा संकलन गरेको थियो । यद्यपि, अन्य ठूला दलहरूमा जस्तै चन्दादाताहरूको विस्तृत विवरण सार्वजनिक गर्ने प्रक्रियामा अझै सुधारको खाँचो देखिएको छ । निर्वाचन आयोगमा पेश गरिएको चुनावी खर्च र संकलित चन्दा बीचको अन्तरलाई लिएर गरिएका चर्चाहरूले पार्टीलाई आफ्नो हिसाब-किताब अझ स्पष्ट र पारदर्शी राख्न प्रेरित गरेका छन् ।

रास्वपाले हाल डिजिटल भुक्तानी प्लेटफर्म मार्फत साना-साना सहयोग संकलन गर्ने नवीन अभ्यास सुरु गरेको छ । यसले चन्दाको आधारलाई फराकिलो बनाउन र आम नागरिकलाई पार्टीको आर्थिक स्वामित्वमा जोड्न मद्दत पुऱ्याउँछ । यस्ता प्रयासहरूलाई 'रियल-टाइम' सार्वजनिक प्रकटीकरणसँग जोड्न सकेमा रास्वपाले नेपालमा 'स्वच्छ राजनीति' को मानक स्थापना गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्छ ।

### सामाजिक सञ्जाल र डिजिटल चुनावी अभियान

#### १. सामाजिक सञ्जालको रणनीतिक भूमिका

सन् २०२२ र २०२६ का निर्वाचनहरूको विश्लेषणले के देखाउँछ भने रास्वपाको प्रभावकारी अनलाइन उपस्थितिले पार्टीको सुरुवाती चरणको परम्परागत संगठनको अभावलाई निकै हदसम्म पूर्ति गरिदियो । 'काठमाडौं पोस्ट' लगायतका सञ्चारमाध्यमहरूका अनुसार रास्वपाले "ठोस संगठनात्मक संरचना विना नै देशको चौथो ठूलो राजनीतिक शक्तिका रूपमा आफूलाई उभ्याउन सफल भयो ।" यस सफलतामा सामाजिक सञ्जाल मार्फत प्राप्त जनलहरलाई मतदानमा रूपान्तरण गर्ने रणनीतिको ठूलो भूमिका थियो ।

नेपालमा डिजिटल चुनावी प्रचार प्रसारबारे भएका अध्ययनहरूले रास्वपालाई एउटा सफल उदाहरणका रूपमा प्रस्तुत गरेका छन् । यसले कसरी बलियो सामाजिक सञ्जाल रणनीति, तथ्याङ्कमा आधारित प्रचार र प्रभावशाली व्यक्तित्वहरूको (इन्फ्ल्युन्सर) संलग्नता नयाँ दलहरूका लागि निर्णायक हुन सक्छ भन्ने प्रमाणित गरिदिएको छ । विशेषगरी, आफ्नो राजनीतिक सूचनाका लागि पार्टीका स्थानीय कमिटीभन्दा पनि डिजिटल माध्यम र अल्गोरिदममा भर पर्ने नयाँ पुस्ताका लागि यो रणनीति अत्यन्तै प्रभावशाली सावित भयो ।

#### २. डिजिटल रणनीतिका अवयव र आधुनिक चुनौती

अध्ययनकर्ता र पार्टीका सदस्यहरूका अनुसार रास्वपाको सामाजिक सञ्जाल सञ्चालन तीन वटा मुख्य स्तम्भमा आधारित छः समर्थकहरूको पहिचान (म्यापिङ), प्लेटफर्म-केन्द्रित उपकरणहरूको प्रयोग र 'इन्फ्लुएन्सर' सँगको सहकार्य । पार्टीले आफ्ना नेताहरूलाई पहिल्यैदेखि पछ्याइरहेका शहरी युवा र प्रवासी नेपालीलाई लक्षित गऱ्यो । सञ्चारका लागि फेसबुकलाई व्यापक पहुँचको माध्यम र टिकटकलाई छोटो एवं प्रभावकारी भिडियोहरूका लागि प्रयोग गरियो । साथै, विभिन्न कन्टेन्ट क्रिएटर र माइक्रो-इन्फ्लुएन्सरहरूको सञ्जाल निर्माण गरियो, जसले पार्टीका एजेन्डाहरूलाई सरल र रोचक ढंगले (मेमेज र एक्सप्लेनर्स मार्फत) आम नागरिकसम्म पुऱ्याए ।

सन् २०२६ को चुनावी अभियानका क्रममा बालेनले करिब प्रत्येक आठ दिनमा एक पटक मुख्य सम्बोधन गर्ने रणनीति अपनाएका थिए । यसैबीच, ६०० भन्दा बढी सदस्य रहेको सामाजिक सञ्जाल टोलीले ती सामग्रीहरूलाई परिमार्जन गरी देशव्यापी भ्रमण र चुनावी सभाहरूसँग तालमेल मिलाएर निरन्तर प्रवाह गरिरह्यो । निर्वाचन आयोग र अन्य अनुगमनकारी निकायहरूका अनुसार रास्वपा लगायत दलहरूले लक्षित समूह (क्षेत्र, उमेर र लिङ्ग) का आधारमा डिजिटल विज्ञापनमा आफ्नो लगानी बढाएका छन् । यस्तो 'माइक्रो-टार्गेटिङ' प्रविधिले प्रचारलाई प्रभावकारी बनाए पनि, विज्ञहरूले भविष्यका लागि स्पष्ट मापदण्ड र पारदर्शिताको आवश्यकता औंल्याएका छन्, ताकि चुनावी खर्च र जवाफदेहिता प्रणाली अझ पार दर्शी बनोस् ।

### सञ्जालबाट व्यवस्थित पार्टी संगठनतर्फ

रास्वपा सुरुवाती चरणमा रवि लामिछाने वरिपरि केन्द्रित एउटा खुकुलो सञ्जाल जस्तो देखिए पनि, हाल यो एक औपचारिक र बहु-तहको पार्टी संरचनामा रूपान्तरण भइसकेको छ । सन् २०२२ को निर्वाचन लगत्तै आफ्नो केन्द्रीय समितिलाई ४० सदस्यमा विस्तार गरेको पार्टीले, हालैका दिनमा विभिन्न शक्ति र नयाँ नेतृत्वलाई समेट्दै यसलाई अझ फराकिलो बनाएको छ । यस क्रममा थप उपाध्यक्ष, महामन्त्री, सह-महामन्त्री र सह-प्रवक्ताहरूको पद सिर्जना गरिएको छ । यी कदमहरूले रास्वपा व्यक्तिकेन्द्रित परिचालनबाट माथि उठेर एउटा परम्परागत तर आधुनिक राजनीतिक संगठनतर्फ अघि बढिरहेको सङ्केत गर्दछ ।

पार्टीका पछिल्ला निर्णयहरूमा सबै प्रदेशहरूमा सांगठनिक संरचना विस्तार गर्ने र उम्मेदवार चयन तथा पार्टी समायोजनका लागि उपसमितिहरू गठन गर्ने योजनाहरू समावेश छन् । उपाध्यक्ष डा. स्वर्णिम वाग्लेको नेतृत्वमा गठित उपसमितिलाई प्रत्यक्ष निर्वाचनका लागि उम्मेदवार सिफारिस गर्ने जिम्मेवारी दिइयो । जसले उम्मेदवार चयन प्रक्रियालाई व्यक्तिगत रोजाइभन्दा माथि उठेर संस्थागत र मापदण्डमा आधारित बनाउने प्रयास गरेको देखिन्छ । यद्यपि, पार्टी र संसदीय भूमिका बीचको रेखालाई अझ स्पष्ट बनाउनु र आन्तरिक लोकतन्त्रलाई थप सुदृढ बनाउनु पार्टीका लागि आगामी दिनका रचनात्मक अवसरहरू हुन् ।

रास्वपाका नेताहरू स्वयंले पनि यो स्वीकार गरेका छन् कि दिगो राजनीतिक प्रभावका लागि सामाजिक सञ्जाल मात्र पर्याप्त हुँदैन, बरु बलियो स्थानीय संगठन नै मुख्य आधार हो । निर्वाचन क्षेत्रमा सेवा प्रवाह, आन्तरिक विवाद समाधान र स्थानीय नेतृत्व विकासमा लगानी गर्नु अबको आवश्यकता हो । डिजिटल परि चालनमा पाएको सफलतालाई अब स्थानीय कमिटीहरूको सुदृढीकरण र विषयगत विज्ञतामा रूपान्तरण गर्न सकेमा, रास्वपाले शहरी क्षेत्रभन्दा बाहिर पनि प्रभावकारी शासन सञ्चालन गर्न सक्नेछ ।

### संघीयता, संसदीय व्यवस्था र संवैधानिक सुधार

रास्वपाको घोषणापत्रले नेपालको वर्तमान संघीय-संसदीय प्रणालीमा व्यापक र दूर गामी सुधारको वकालत गरेको छ । यसका मुख्य आकर्षणहरूमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री र मुख्यमन्त्री, पूर्ण समानुपातिक संसद् (जहाँ सांसदहरू मन्त्री बन्न नपाउने व्यवस्था), 'रिकल' (फिर्ता बोलाउने अधिकार), 'नोटा' (नो भोट), र विदेशमा रहेका नेपालीहरूका लागि मतदानको अधिकार समावेश छन् । साथै, पार्टीले दलरहित स्थानीय सरकार र परिष्कृत प्रादेशिक संरचनाको प्रस्ताव गरेको छ ।

पार्टीले यी सुधारहरूलाई भ्रष्टाचार नियन्त्रण गर्न, राजनीतिक अस्थिरता अन्त्य गर्न र जनताप्रति शासकको प्रत्यक्ष उत्तरदायित्व सुनिश्चित गर्न आवश्यक कदमका रूपमा व्याख्या गरेको छ । यद्यपि, यी प्रस्तावहरूको कार्यान्वयनका लागि संघीय संसद्मा दुई-तिहाइ बहुमत र कम्तीमा आधा प्रदेश सभाहरूको समर्थन आवश्यक पर्दछ । यसका लागि रास्वपाले अन्य राजनीतिक शक्तिहरू, विशेषगरी पहिचानमा आधारित र क्षेत्रीय दलहरूसँग साझा सहमति र सहकार्यको वातावरण बनाउनुपर्ने देखिन्छ ।

प्रणालीगत दृष्टिकोणबाट हेर्दा, प्रत्यक्ष निर्वाचित कार्यकारी र पूर्ण समानुपातिक संसद्को संयोजनले एकातर्फ बलियो नेतृत्व प्रदान गर्छ भने अर्कोतर्फ संसद्लाई अझ बढी समावेशी बनाउँछ । दलरहित स्थानीय सरकारको अवधारणाले स्थानीय सेवा प्रवाहलाई राजनीतिक प्रभावबाट मुक्त राख्ने लक्ष्य राखेको छ । रास्वपाले यी संवैधानिक एजेन्डाहरूलाई सफल बनाउन सबै पक्षलाई समेट्ने गरी राजनीतिक संवाद र सहमति निर्माणमा आफ्नो ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ ।

### संरचनात्मक चुनौती र बाह्य प्रभाव

रास्वपाका विकासका एजेन्डाहरू नेपालको गहिरो संरचनात्मक यथार्थ र चुनौतीका बीचमा उभिएका छन् । हाल नेपालको अर्थतन्त्रमा विप्रेषण (रेमिट्यान्स) को योगदान कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को करिब २७ प्रतिशत रहेको छ, जुन विश्वमै उच्च मध्ये एक हो । सन् २०२४ मा विप्रेषण आप्रवाह १४ अर्ब अमेरिकी डलर नाघेको थियो भने आर्थिक वर्ष २०२५/२६ को पहिलो ६ महिनामा मात्रै करिब १० खर्ब ६२ अर्ब रुपैयाँ रेमिट्यान्स भित्रिएको छ, जुन अघिल्लो वर्षको तुलनामा ३९ प्रतिशतले बढी हो । यद्यपि, विभिन्न अध्ययनले भित्रिएको रेमिट्यान्सको ठूलो हिस्सा उपभोगमा खर्च हुने र सानो हिस्सा मात्रै उत्पादनमूलक क्षेत्रमा बचत वा लगानी हुने देखाएका छन् । यसले आन्तरिक उत्पादन बढाउन र आयातमा आधारित अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन थप प्रयासको आवश्यकता औंल्याएको छ ।

व्यापारको अवस्थाले पनि थप चुनौती प्रस्तुत गरेको छ । आर्थिक वर्ष २०२४/२५ को पहिलो ८ महिनामा व्यापार घाटा करिब ९ खर्ब ८७ अर्ब रुपैयाँ पुगेको थियो । भारततर्फको निर्यातमा सुधार देखिए पनि समग्र व्यापार सन्तुलन मिलाउन अझै धेरै काम गर्न बाँकी छ । चीनसँगको व्यापारमा पनि आयातको हिस्सा ठूलो रहेको छ, जसले नेपालको निर्यात विविधीकरण गर्नुपर्ने आवश्यकतालाई पुष्टि गर्दछ ।

यसैगरी, जलवायु परिवर्तन र प्राकृतिक प्रकोपहरूले पनि नेपालको अर्थतन्त्रमा जोखिम बढाएका छन् । एसियाली विकास बैंकको अध्ययन अनुसार अनुकूलनका उपायहरू नअपनाएमा जलवायु परिवर्तनका कारण सन् २०५० सम्ममा नेपालले आफ्नो वार्षिक जीडीपीको २.२ प्रतिशत र शताब्दीको अन्त्यसम्ममा झण्डै १० प्रतिशत हिस्सा गुमाउनुपर्ने हुन सक्छ । नेपालको ८० प्रतिशतभन्दा बढी जनसंख्या कुनै न कुनै प्रकार को जलवायुजन्य जोखिमको घेरामा छ । यी जोखिमहरूले रास्वपाको पूर्वाधार र जलविद्युत्-केन्द्रित विकास रणनीतिलाई अझ बढी वातावरणीय मैत्री र उत्थानशील बनाउन प्रेरित गरेका छन् । वैदेशिक लगानीको प्रवृत्तिले पनि हाम्रा विकल्पहरूलाई सीमित बनाउन सक्छ । सन् २०१९ मा १८ करोड ५० लाख डलर रहेको वैदेशिक लगानी घटेर सन् २०२४ मा ५ करोड ७० लाख डलरमा झरेको छ ।

*(साभार: अनलाइनखबर)*

मध्यपूर्व तनाव :

# नेपाली उद्धार गर्न कस्तो छ सरकारको कूटनीतिक पहल ?




काठमाडौं/मध्यपूर्वी देशहरूमा रहेका नेपाली हालसम्म सुरक्षित रहेको सरकारले जनाएको छ । परराष्ट्र मन्त्रालयले खाडी तथा मध्यपूर्वका अन्य देशमा रहेका नेपाली हालसम्म सुरक्षित नै रहेको जनाएको हो । इजरायल-अमेरिका र इरानबीचको बढ्दो तनावबीच सरकारले खाडी लगायत देशमा रहेका नेपाली सुरक्षित नै रहेको जनाएको हो ।

खाडी लगायतका विभिन्न देशमा रहेका नेपाली दूतावास तथा नियोगहरूले त्यहाँको अवस्थाबारे हरेक दिन परराष्ट्रमा रिपोर्ट हुने गरेको छ । ती देशमा रहेका १७ लाख २९ हजारमध्ये हालसम्म ६३ हजारभन्दा बढी नेपालीले आफ्नो विवरण अनलाइन पोर्टलमा टिपाएका छन् । तीमध्ये ५ हजार हाराहारीले आफूहरू असुरक्षित रहेको विवरण पेस गरेको परराष्ट्र मन्त्रालयले जनाएको छ । मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीका अनुसार आफू असुरक्षित रहेको विवरण पेस गरेकाहरू समेत सुरक्षित छन् ।

'अहिले पोर्टलमा ५ हजार जनाले 'अनसेफ' भनेर क्लिक गर्नुभएको छ, सुरु-सुरुमा फर्म भर्नेले अलि बढी अनसेफ भन्नुभएको थियो, तर अहिले ट्रेन्ड हेर्दा क्रमश: कम हुँदै गएको छ,' उनले भने, 'कतिपयले पछि फोन गरेर 'म अहिले सेफ छु, मेरो स्टाटस अपडेट गरि दिनुस्' पनि भन्नुभएको छ ।'

परराष्ट्रमन्त्री बालानन्द शर्माले बुधबारको पत्रकार सम्मेलनमा हालसम्म नेपालीहरू सुरक्षित रहेको र आवश्यक परेको खण्डमा उद्धार गर्न सरकार तयार रहेको बताएका थिए । त्यसका लागि राज्य संयन्त्रले काम गरिरहेको उनको भनाइ थियो ।

'हामीले एउटा सिचुएसन सेन्टर बनाएका छौं, जसले नियमित यस्ता विषय अद्यावधिक गर्छ र भोलि उद्धार गर्नुपर्‍यो भने यसले आधारका रूपमा काम गर्छ र सबै ठाउँमा सम्पर्क स्थापित गरिसकेको छ,' मन्त्री शर्माले भने, 'कति नागरिक छन्, कतातिर छन्, कसरी समन्वय गर्ने भन्ने कुरा मन्त्रालयले निर्देशन दिइसकेको छ र उहाँहरूले काम गरिराख्नुभएको छ, कमसेकम यो एउटा सञ्जाल सुरु भएको छ ।'

**कुटनीतिक पहल**

सरकारले यूएई, साउदी अरब, कतार, ओमान, बहराइन लगायत देशमा रहेका नेपालीको सुरक्षा उच्च प्राथमिकतामा राखेको जनाएको छ । त्यसका लागि सम्बन्धित देश तथा अन्य सरोकारवाला निकायसँग छलफल तथा सहकार्य भइरहेको जनाएको छ । प्रवक्ता पौडेलले अहिलेको अवस्थामा ट्रान्जिटमा परेका नेपालीलाई गन्तव्य पुर्‍याउन विभिन्न निकायसँग कूटनीतिक पहल भइरहेको बताए ।

'ट्रान्जिटमा रहेका नेपाली सम्बन्धित गन्तव्य जान सकेनन्, त्यसका लागि कतिपय ठाउँमा नोट नै लेखेर यिनीहरूलाई पठाइदिनुस् भनिरहेका छौं,' पौडेलले भने, 'जस्तो कि कतारको आकाश बन्द छ, तर त्यहाँबाट बोर्डरबाट गयो भने साउदी अरबबाट उड्न भ्याइन्छ, साउदीलाई सहजीकरण गरिदेऊ भनेर हामीले कूटनीतिक पहल मार्फत काम गरि रहेका छौं ।'

नेपालले संयुक्त राष्ट्र संघीय निकायहरूसँग समेत कूटनीतिक पहल गरिरहेको छ । आईओएम, आईएलओ जस्ता राष्ट्र संघीय निकायहरूसँग समेत छलफल भइरहेको प्रवक्ता पौडेलले बताए ।

कतिपय निकायले अहिले समेत सहयोग गरिरहेका छन् भने कतिपयले आवश्यक परेको खण्डमा सहयोग गर्न तयार रहेको बताएका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले समेत खाडी लगायत युद्ध प्रभावित देशका नेपालस्थित दूतावाससँग समेत छलफल गरेको छ ।

श्रममन्त्री राजेन्द्रसिंह भण्डारीले साउदी लगायत देशमा रहेका दूतावासका अधिकारीहरूसँग छलफल गरेर नेपालीको सुरक्षा अवस्थाबारे चासो व्यक्त गरेका हुन् । परराष्ट्र मन्त्रालयले श्रम गन्तव्य देशहरूसँग समेत नेपालीको सुरक्षा र आवश्यक परेको खण्डमा उद्धारका विषयमा समेत छलफल भइरहेको जनाएको छ ।

परराष्ट्र सचिव अमृतबहादुर राईले पश्चिम एसियामा उत्पन्न सुरक्षा चुनौतीलाई नेपाल सरकारले गम्भीर भएर विश्लेषण गरिरहेको बताएका छन् ।

बुधबारको पत्रकार सम्मेलनमा सचिव राईले मन्त्रालयमा गठन भएको इमर्जेन्सी रेस्पोन्स टिम बैठकले विभिन्न निर्णय गरेको र ती कार्यान्वयन चरणमा रहेको बताएका थिए । ती निर्णय विभिन्न निकाय तथा नेपाली नियोगबाट कार्यान्वयन भइरहेको उनको भनाइ छ । परराष्ट्र मन्त्रालयले हालसम्म दैनिक र कहिलेकाहीँ बिहान तथा बेलुका दुई पटकसम्म आफ्ना नियोगहरूमा सम्पर्क गरेर विकसित घटनाक्रमसँग सुसूचित भइरहेको जनाएको छ ।

अहिलेसम्मको विश्लेषण अनुसार तत्कालै नेपाली नागरिक्लाई सुरक्षाकै दृष्टिकोणबाट त्रास, डर वा जीवनमाथिको जोखिम उत्पन्न भएर उद्धार गरेर ल्याइहाल्नु पर्ने अवस्था नरहेको सचिव राईले बताए ।

श्रमिक पठाउने देशहरूसँग समेत सँगसँगै काम भइरहेको उनको भनाइ छ । 'जो श्रमिक पठाउने देश छन्, तिनीहरूसँग पनि हामीले सँगसँगै काम गरिराखेका छौं, हामीले बंगलादेश, भार, पाकिस्तान, श्रीलंका, अरू देशका दूतावासका साथीहरूसँग पनि कुराकानी गरिरहेका छौं,' सचिव राईले भने, 'हाम्रा राजदूतहरू हुनुहुन्छ, उहाँहरूले प्रत्येक दिन श्रमिक पठाउने देशका मिसनहरूसँग समन्वय गरिराख्नुभएको छ, उहाँहरूले के सोच्दै हुनुहुन्छ, कसरी गरिराख्नु भएको छ, आफ्ना श्रमिक सुरक्षाका लागि र त्यही अनुसार हामी पनि तयारीमा छौं ।'

*(स्रोत: अनलाइनखबर)*

# बीमाका बिरामीलाई बाहिर औषधि खरिद नगराउन बोर्डको निर्देशन




साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ स्वास्थ्य बीमा बोर्डले उपचार गराउन आएका बीमितलाई अस्पताल बाहिर औषधि खरिद नगराउन सबै अस्पताल (स्वास्थ्यसंस्था) लाई निर्देशन गरेको छ ।

बोर्डका सूचनाअधिकारी विकेश मल्लले सबै अस्पताललाई परिपत्र जारी गर्दै बीमितलाई बाहिर औषधि पसलमा औषधि तथा औषधिजन्य सामग्री खरिद नगराउन निर्देशन दिएको जानकारी दिए । बीमितसँग केही स्वास्थ्य संस्थाले प्याकेजमा गरिने उपचारमा औषधि बाहिर खरिद गराउने गरेको पाइएकोले त्यस्ता नगर्न/नगराउन सबै अस्पताललाई परिपत्र गरिएको उनले बताए । 'केही अस्पतालले बीमितलाई उपचार गरेसँगै बाहिर औषधि खरिद गर्न लगाएको गुनासो आएको छ,' उनले भने, 'त्यसैले हामीले त्यसरी बीमितलाई बाहिर औषधि खरिद नगर्न नगराउन निर्देशन दिँदै अस्पताललाई परिपत्र गरेका हौं ।'

उनकाअनुसार अस्पतालले बीमितसँग बीमासेवाका विभिन्न प्याकेजभित्र समावेश हुने औषधि तथा औषधिजन्य सामग्री सोही अस्पताल तथा बाहिरका औषधि पसलबाट नगदमा खरिद गर्न लगाउने गरेका छन् । सूचनाअधिकारी मल्लले बिरामीलाई बाहिरका औषधि पसलबाट औषधि खरिद गर्न लगाउने अस्पताललाई स्वास्थ्य बीमा ऐन २०७५, स्वास्थ्य बीमा नियमावली २०७५ तथा प्रचलित निर्देशिका र कार्यविधि विपरीत रहेको भन्दै त्यस्ता अस्पताललाई स्वास्थ्य बीमा नियमावली २०७५को नियम १८ को उपनियम (१) को खण्ड (क) बमोजिम कारबाही गरिनेसमेत बताए ।

स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत पाँचजना परिवारसम्मका लागि तीन हजार ५०० रुपैयाँ बराबरको योगदानको आधारमा एक लाख रुपैयाँसम्मको स्वास्थ्य उपचार सेवा सुविधा उपलब्ध गराइन्छ । यस्तै थप प्रतिसदस्य ७०० का दरले योगदान रकम थपिँदै जाने र प्रतिसदस्य २० हजार बराबरको सेवा सुविधा थपिने प्रावधान रहेको छ ।

# पार्टीका संगठित सदस्यले नै दिएनन् भोट !

काठमाडौं/एमालेले २०७९ को निर्वाचनमा समानुपातिकमा सबैभन्दा बढी अर्थात् २८ लाख ४५ हजार ६४१ मत पाएको थियो । यसपाली २१ फागुनको मतदानमा भने एमालेको चिह्न सूर्यमा जम्मा १४ लाख ५३ हजार १४० मत पर्‍यो । अघिल्लो निर्वाचनको तुलनामा एमालेको लोकप्रिय मत आधाले घटेको हो । त्यो भन्दा पनि रोचक त के छ भने एमालेले संगठित सदस्य संख्याकै हाराहारीमा मात्र समानुपातिक मत पाएको देखिन्छ ।

जेनजी आन्दोलनको अघिल्लो दिन गत भदौ २२ मा सम्पन्न विधान महाधिवेशनमा एमाले महासचिव शंकर पोखरेलले संगठित सदस्य संख्या १२ लाख ६९ हजार १६१ जना रहेको बताएका थिए । संगठन विभागको अभिलेख अनुसार संगठित सदस्य ६ लाख ६७ हजार ११४ जना छन् ।

**संगठित सदस्यले नै भोट हालेनन्**

कतिपय जिल्ला र क्षेत्रमा त एमालेका संगठित सदस्यले सूर्यमा मत नदिएको देखिन्छ । दुई तिहाई संगठित सदस्यले नै भोट नहालेको पाइएको एमाले नेताहरू बताउँछन् । त्यस्तै, मध्येको एउटा क्षेत्र हो, महोत्तरी-४ । जहाँ १४ हजार ६३७ जना संगठित सदस्य रहेको एमाले संगठन विभागको अभिलेख छ । त्यसक्षेत्रबाट एमालेले पाएको समानुपातिक मत भने जम्मा ४ हजार ९९५ छ ।

समग्र मधेश प्रदेशमा भने संगठित सदस्य भन्दा प्राप्त मत थोरै बढी छ । मधेशमा एमालेका १ लाख ५६ हजार १९५ सदस्य छन् । यो प्रदेशबाट उसले पाएको मत १ लाख ८७ हजार ९०१ छ । यो भन्दा विजोक अवस्था छ, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) को । चुनाव अघि नै २६ वटा विभिन्न घटक मिलेर बनेको यो पार्टीले साविक माओवादी केन्द्र र एकीकृत समाजवादीको संगठित सदस्य संख्या जति पनि समानुपातिक मत ल्याउन सकेन ।

नेकपामा एकीकरण हुनु अघिको माओवादी केन्द्रका ७ लाख ५२ हजार ९५६ र एकीकृत समाजवादीको सदस्य संख्या १ लाख ६६ हजार ४२६ थिए ।

नेकपाले समानुपातिकमा पाएको कुल मत भने ८ लाख ११ हजार ५७७ मत छ । जबकी माओवादी र एकीकृत समाजवादी संगठित सदस्य नै ९ लाख १९ हजार ३८२ पुग्छ । कोशी, मधेश र गण्डकी प्रदेशमा त झन नेकपाले माओवादी केन्द्रको मात्र संगठित सदस्य भन्दा पनि कम मत पाएको छ । माओवादी केन्द्रको सदस्य संख्या ९९ हजार ६०१ भएको कोशीमा नेकपाले ९७ हजार ६७९ मत प्राप्त गर्‍यो ।

त्यस्तै, मधेशमा सदस्य संख्या १ लाख १६ हजार ९७५ र नेकपाले पाएको मत १ लाख ७ हजार ६१२ छ । गण्डकीमा माओवादीको संगठित सदस्य ६६ हजार ६८७ रहेकोमा नेकपाले पाएको मत ५७ हजार ८७६ छ ।

माथिको हिसाबमा भीम रावलको मातृभूमि जागरण अभियान, रन्जिता श्रेष्ठको नागरिक उन्मुक्ति पार्टी (नाउपा), महिन्द्रराय यादवको नेपाल समाजवादी पार्टी, प्रेमबहादुर सिंहको नेकपा (साम्यवादी), सुवासराज काफ्लेको जनसमाजवादी पार्टी, चिरन पुनको नेपाल कम्युनिष्ट पार्टी, कर्णजित बुढाथोकीको नेकपा (माओवादी समाजवादी) लगायतको सदस्य संख्या जोडिएको छैन ।

**क्रियाशील सदस्य र कांग्रेसले पाएको भोट**

समानुपातिकतर्फ कर्णाली बाहेक कुनै पनि प्रदेशमा कांग्रेस पहिलो हुन सकेन । कर्णालीमा पनि दोस्रो स्थानको राष्ट्रिय स्वतन्त्र पार्टीको भन्दा जम्मा साढे सात हजार मत बढी छ । यो प्रदेशमा कांग्रेसको क्रियाशील सदस्य नै ५५ हजार ५६६ जना छन् । २०७८ मै कांग्रेसका त्रियाशील सदस्य ८ लाख ५२ हजार ७११ पुगेको थियो । त्यसमध्येका ४ लाख ४३ हजार ६७८ नयाँ थिए ।

निर्वाचन अघि विशेष महाधिवेशन गरेर 'बदल्यौं कांग्रेस, बदल्छौं देश' भनेर निर्वाचनमा होमिएको कांग्रेसले समानुपातिकमा जम्मा १७ लाख ५९ हजार १७२ मत पायो । २०७९ को तुलनामा यो मत १० लाखले कम हो ।

**एक जना क्रियाशील सदस्यले कति मत बढाउँछ ?**

कुनै पार्टीको सदस्यता लिनु भनेको आफूले उक्त पार्टीलाई भोट दिने सुनिश्चिता मात्र होइन । सदस्यको दायित्व पार्टीको उद्धेश्य पुरा हुने गरी काम गर्नु पनि हो ।

# 'राम नाम सत्य'को टिजरमा विराजको हिंसक रूप

काठमाडौं/नयाँ वर्षको छेको पारेर चैत २७ गतेबाट प्रदर्शन हुन लागेको एक्सनप्रधान फिल्म 'राम नाम सत्य'को टिजर सार्वजनिक गरिएको छ । अभिनेता विराज भट्टलाई केन्द्रमा राखिएको २ मिनेट लामो टिजर एक्सन दृश्यले भरिएको छ । विराज सयौं भिलेनसँग लडिरहेका देखिन्छन् । टिजरमा प्रोडक्सन भ्यालु उच्च देखिएको छ भने एक्सनलाई साउथ शैलीमा खिचिएको छ ।

टिजरको सुरूवातमै विराजको संवाद छ, 'मृत्युलाई सार थी ठान्ने म, पहिलो पटक डराएँ । जब आँखै अगाडि आफ्ना मान्छेहरू गुमाएँ ।' यो संवादमार्फत निर्देशकले फिल्मको कथावस्तु बुझाउन खोजेको देखिन्छ । आफ्नालाई गुमाएपछि नायक पात्रले लिने बदलामा फिल्म आधारित रहेको यसले स्पष्ट संकेत गर्छ । टिजरमा विराजलाई पश्चिमेली भाषा बोलेको पनि देख्न सकिन्छ ।

कोरियोग्राफरको रूपमा परिचित माइकल चन्दको निर्देशनमा बनेको यस फिल्ममा विराजसहित सुशील श्रेष्ठ, दिव्या रायमाझी, सुपुष्पा भट्ट, आयुष सिंह ठकुरी, स्व. सुनिल थापा, प्रशान्त ताम्राकार लगायतका कलाकारहरूको अभिनय रहेको छ । टिजरमा यी सबै कलाकारलाई देख्न सकिन्छ । तर, विराज र सुनिलबाहेक अरूको संवाद भने राखिएको छैन ।

माइकल इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको यो फिल्मका लगानीकर्ता उपेन्द्र शाही र स्वेता विमली हुन् । कार्यकारी निर्माताामा किशोर भट्ट, राजेन्द्र भट्ट र अर्जुन सुनार रहेका छन् भने क्रियटिभ निर्माता मोती कार्की हुन् । यसमा मानकृष्ण महर्जनको डीओपी, श्री श्रेष्ठको द्वन्द्व निर्देशन, बन्दे प्रसादको सम्पादन तथा बाबुल गिरी, अर्जुन पोखरेल, एसडी योगी र नवा अन्सारीको संगीत छ ।

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

ब्लु हेवन टेलर्स
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



‘मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई विश्वविद्यालयको रुपमा विकास गरिनेछ’

# प्रतिष्ठानमा राजनीतिक गन्ध आउन दिनुहुँदैन:मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले जनताको स्वास्थ्यमा राजनीति गर्न नहुने बताएका छन् ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडा अस्पतालमा नवनिर्मित विशिष्टकृत सेवासहितको २ सय शैया भवनको बिहीबार समुद्घाटन गर्दै मुख्यमन्त्री बानियाँले चुनावको बेला राजनीति सामान्य भएपनि जनताको स्वास्थ्य माथि राजनीति गर्न नहुने धारणा राखेका छन् । प्रतिष्ठानमा राजनीतिक गन्ध अहिलेसम्म नआएको र आउन दिन नहुने पनि उनले बताए । तत्कालीन डोरमणि पौडेल नेतृत्वको सरकारले हेटौंडा अस्पताललाई प्रतिष्ठान बनाउन खोज्दा विभिन्न विचार आएपनि प्रमुख प्रतिपक्षी दलको नेताको हैसियतले संसद्बाट विधेयकलाई सर्वसम्मत पास गराएका पनि मुख्यमन्त्री बानियाँले स्मरण गरे ।

उनले हेटौंडा अस्पतालमा यसअघि डाइलोसिस सेवाका लागि १४ वटा मेसिन जडान गरिएकोमा अहिले एकै पटक १६ वटा मेसिन थप गरेर ३० वटा पुऱ्याइएको बताए । मुख्यमन्त्री बानियाँले हेटौंडा अस्पतालमा जनशक्ति र भौतिक पूर्वाधारको अभाव हुन नदिने प्रतिबद्धता व्यक्त गरेका छन् ।



प्रतिष्ठानका कुलपति समेत रहेका मुख्यमन्त्री बानियाँले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई विश्वविद्यालयको रुपमा विकास गरिने बताए । उनले प्रतिष्ठानलाई निकट भविष्यमै विश्वविद्यालयको रुपमा विकास गर्ने कामको थालनी भइसकेको बताए । प्रतिष्ठानमा भर्ना भएका विद्यार्थी प्रमाणपत्र लिने बेलासम्ममा मदन भण्डारी स्वास्थ्य विज्ञान विश्वविद्यालय भइसक्ने उनले दाबी गरे ।

‘प्रतिष्ठानमा भर्ना भएका विद्यार्थी प्रमाणपत्र लिने बेलासम्ममा मदन भण्डारी स्वास्थ्य विज्ञान विश्व विद्यालय भइसक्नेछ’, मुख्यमन्त्री बानियाँले भने, ‘त्यसका लागि प्रदेश सरकारले काम अघि बढाइसकेको छ, छिट्टै त्यसले पूर्णता पाउनेछ ।’ मुख्यमन्त्री बानियाँले स्वास्थ्य विज्ञान प्रतिष्ठानले हेटौंडा अस्पतालबाहेक प्रदेशको १३ वटै जिल्लाका अस्पतालमा पनि विशेषज्ञ सेवा दिनेगरी काम गर्नुपर्ने बताएका छन् । प्रतिष्ठानबाट उत्पादन हुने जनशक्तिले प्रदेशका सबै जिल्ला र पालिकास्तरमा रहेका अस्पतालमा पनि स्वास्थ्य सेवा पुऱ्याउन सहयोगी हुने विश्वास व्यक्त गर्दै उनले अब सिक्दै र सिकाउँदै गरी शिक्षा दिनुपर्ने औंल्याए ।

कार्यक्रममा स्वास्थ्य मन्त्री किरण थापामगरले प्रदेशअन्तर्गतका जिल्ला अस्पताल तथा स्वास्थ्यसंस्थामा औषधि तथा उपकरणको अभाव हुन नदिने प्रतिबद्धता व्यक्त गरे । गरिबका छोराछोरीलाई डाक्टर बन्न प्रदेश सरकारले छात्रवृत्ति लगायतका कार्यक्रमसमेत सञ्चालन गरेको बताउँदै स्वास्थ्यमन्त्री थापाले उपचारको अभावमा कुनैपनि नागरिकलाई ज्यान गुमाउनुपर्ने अवस्थाको अन्त्य गरिने बताएका छन् ।

२७ करोड ३६ लाखको लागतमा निर्मित भवनमा तीनवटा ब्लकमा विभाजित छ ।

सहरी विकास तथा भवन कार्यालय मकवानपुरका प्रमुख इञ्जिनियर भूपेन्द्रकुमार यादवका अनुसार एक ब्लक अण्डरग्राउण्ड सहित ६ तले र बाँकी दुई ब्लक ५-५ तले संरचनामा निर्माण गरिएको छ । उपकुलपति डा.प्रदीप ज्ञवालीले अस्पताललाई सामान्य उपचार केन्द्रमा सीमित नराखी विशेषज्ञ तथा जटिल रोगहरुको उपचार हुने क्षेत्रीय स्वास्थ्य केन्द्रका रुपमा विकास गर्ने रणनीति अघि बढाइएको बताए । उपकुलपति ज्ञवालीका अनुसार नयाँ संरचना सञ्चालनमा आएपछि सघनउपचार सेवा, सुत्केरी वार्ड, शल्यक्रिया कक्ष र विशेषज्ञ सेवा विस्तार गर्न सहज हुनेछ ।

अहिले धेरै बिरामी मिर्गौला उपचारका लागि चितवन वा काठमाडौं जानुपर्ने बाध्यता रहेको छ । नयाँ भवन सञ्चालनसँगै त्यस्तो समस्या कम हुने अपेक्षा गरिएको छ । कार्यक्रममा बागमती प्रदेशका पूर्बमुख्यमन्त्री डोरमणि पौडेल, भौतिक पूर्वाधार विकास मन्त्री डाक्टर दिनेशचन्द्र देवकोटा, बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, प्रतिष्ठानका रजिष्ट्रार भीमसागर गुरागाईलगायतको आतिथ्यता रहेको थियो ।

बागमतीमा मुख्यमन्त्रीसहित ८ मन्त्रालय राख्न प्रस्ताव

# ७०१ दरबन्दी कटौती गर्नुपर्ने समितिको प्रतिवेदन



साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ बागमती प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित ८ वटा मन्त्रालय मात्रै कायम गर्न प्रस्ताव गरिएको छ ।

साथै ७०१ कर्मचारी दरबन्दी कटौती गर्न प्रस्ताव गरिएको छ । प्रदेश प्रशासनिक पुनर्संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समितिले मुख्यमन्त्री कार्यालयसहित ८ वटा मन्त्रालय मात्रै आवश्यक रहेको औंल्याउँदै सरकारलाई सुझावसहितको प्रतिवेदन बुझाएको छ । प्रतिवेदनमा ७ वटा मन्त्रालयलाई विभागीय जिम्मेवारीसहितको विभाजन पनि गरिएको छ । प्रशासनिक पुनर्संरचनाका लागि उच्चस्तरीय निर्देशक समितिको ११ कात्तिकको बैठकले नेपाल सरकारका पूर्व सचिवहरुको विज्ञटोली गठन गरेको थियो ।

सरकारका पूर्वसचिव विमल वाग्ले संयोजक, रेश्मीराज पाण्डे, गोपीकृष्ण खनाल, जीवनप्रभा लामा सदस्य र प्रदेशसचिव पूर्णबहादुर दर्जी सदस्यसचिव रहने गरी विज्ञटोली बनाएको थियो । समितिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयसहित, आर्थिक मामिला तथा योजना मन्त्रालय, उद्योग, संस्कृति, पर्यटन तथा यातायात मन्त्रालय, कृषि पशुपन्छी, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय बनाउन सुझाव दिएको समितिले जानकारी दिएको छ ।

वन तथा वातावरण मन्त्रालय, सहरी तथा स्थानीय विकास मन्त्रालय र स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय कायम गर्न सुझाव दिइएको छ । मन्त्रालय र कार्यान्वयन इकाइको बीचमा अन्य संरचना भए त्यसलाई हटाउन उपयुक्त हुने समितिको सुझाव छ । हाल बागमती सरकारमा मुख्यमन्त्री कार्यालय, आन्तरिक मामिला तथा कानुन, आर्थिक मामिला तथा योजना, कृषि तथा पशुपन्छी, खानेपानी ऊर्जा तथा सिंचाइ, भौतिक पूर्वाधार, वन तथा वातावरण, श्रम रोजगार तथा यातायात, उद्योग वाणिज्य भूमि तथा प्रशासन, संस्कृति पर्यटन, सहकारी तथा गरिबीनिवारण, सामाजिक विकास, स्वास्थ्य र युवा तथा खेलकुद मन्त्रालय छन् ।

अध्ययन समितिले ७०१ कर्मचारी दरबन्दी कटौती गर्न प्रस्ताव पनि गरेको छ । ‘प्रदेश सरकारले प्रत्येक दरवन्दी सिर्जना गर्दा दीर्घकालीन दायित्व व्यहोर्नुपर्ने हुन्छ । सामान्यत: एउटा कर्मचारीले २५ वर्षको उमेरमा सेवाप्रवेश गरी ६० वर्षसम्म सेवारत रहेमा निजको औसत सेवाअवधि ३५ वर्ष मान्दा तहअनुसारको प्रत्येक दरबन्दी सिर्जनाबाट प्रदेश सरकारलाई यो अवधिमा ठूलो दायित्व पर्ने देखिन्छ,’ प्रतिवेदनमा भनिएको छ, ‘तसर्थ थप दरबन्दी सिर्जना गर्नुपर्दा यसका विविध पक्षलाई समेत विचार गरी न्यूनतम दरबन्दी संख्यामा सीमित रहनु उपयुक्त हुन्छ ।’

तहअनुसार प्रत्येक दरबन्दी सिर्जनाबाट ३५ वर्ष सेवा अवधिमा उत्पन्न हुने वित्तीय दायित्व १६ अर्ब बढी हुने समितिले जनाएको छ । ‘प्रस्तावित ७०१ दरबन्दीको कटौतीबाट २०८२ असार मसान्तको मूल्यमा देहायअनुसार वार्षिक रुपमा ४८ करोड ५६ लाख ९ हजार २८५ रुपैयाँ र ३५ वर्षको सेवाअवधिमा जम्मा १६ अर्ब ९९ करोड ६३ लाख २४ हजार ९९६ रुपैयाँ बचत हुने देखिन्छ,’ समितिले भनेको छ ।

# कानुनको प्रभावकारी कार्यान्वयनमा आयोग प्रतिबद्ध: अध्यक्ष मगर

साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले महिलाको मानव अधिकार संरक्षणका लागि संविधान र कानुनको प्रभावकारी तथा व्यावहारिक कार्यान्वयनमा आयोग प्रतिबद्ध रहेको बताएका छन् ।

अनौपचारिक क्षेत्र सेवाकेन्द्र (इन्सेक) र महिला मानवअधिकार रक्षक राष्ट्रिय सञ्जालले संयुक्तरुपमा आयोजना गरेको कार्यक्रममा अध्यक्ष मगरले महिला तथा बालिकामाथि हुने मानवअधिकार उल्लंघनका घटनामा आयोगले निरन्तर अनुसन्धान, अनुगमन तथा सरकारलाई सिफारिस गर्दै आएको जानकारी दिए । उनकाअनुसार देशभर भएका १४ हजार ६ सय ८२ घटनामध्ये आयोगको अभिलेखमा २४ वटा घटनामात्र कानुनी दायरामा आएका छन् । अधिकांश लैंगिक तथा यौनजन्यहिंसाका घटनामा परिवार वा आफन्तकै संलग्नता हुने भएकाले धेरै घटना कानुनी प्रक्रियामा आउन नसकेको उनले बताए ।




अध्यक्ष मगरले विश्वका विकसित मुलुकहरुमा बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा रोक लगाउने अभ्यास रहेको उदाहरण दिँदै नेपालमा महिला तथा बालबालिका माथि हुने हिंसा न्यूनीकरणका लागि राज्यलाई जिम्मेवार बनाउन आयोगले पहल गर्दै आएको बताए । इन्सेक तथा फोरम एसियाका अध्यक्ष विजयराज गौतमले महिला तथा लैंगिकहिंसाका धेरै घटना मिलापत्रबाट टुंगिने भएकाले तथ्यांक कम देखिने गरेको बताए । उनले मानवअधिकार प्रवर्द्धनका लागि इन्सेकले राष्ट्रिय मानवअधिकार आयोगसँग सहकार्य गर्दै आएको उल्लेख गर्दै आयोगका सिफारिस कार्यान्वयन गरी सरकारलाई जवाफदेही बनाउनुपर्नेमा जोड दिए ।

आयोगका सचिव मुरारि प्रसाद खरेलले तथ्यांक र सूचना नै नीति निर्माणको प्रमुख आधार भएको बताउँदै इन्सेकले संकलन गरेका मानवअधिकार उल्लंघनका तथ्यांकलाई विश्लेषण गरी सरकारलाई सिफारिस गरिएको जानकारी दिए । उनले समुदायमा सचेतना र जागरण फैलाउन सबैले आआफ्नो जिम्मेवारी अनुसार भूमिका निर्वाह गर्नुपर्ने बताए । इन्सेकका निर्देशक मदन पौडेलले दाइजो नल्याएको, छाउपडी प्रथाका कारण ज्यान गुमाउनुपरेका तथा सामाजिक सञ्जालमार्फत महिलामाथि हुने दुर्व्यवहारका घटनाबारे जानकारी दिन समुदायलाई आग्रह गरे ।

इन्सेक बागमती प्रदेश संयोजक शिवप्रसाद खकुरेलका अनुसार महिलामाथि विशेष गरी घरेलुहिंसा, मानव बेचबिखन, बालविवाह, डिजिटल हिंसा, यौनहिंसा, बलात्कार तथा सामाजिक विभेदका घटना भइरहेका छन् । आर्थिक असमानता, राजनीतिमा न्यून सहभागिता, दण्डहीनता र न्यायमा पहुँचको अभावका कारण महिला तथा बालिकाको मानव अधिकार उपभोगमा चुनौती रहेको उनले बताए । एटविनकी बेनुमाया गुरुङले समान सहभागिता र विभेदरहित सोच विकास गर्न सचेतनाको आवश्यकता औंल्याइन् । महिलाअधिकार सुनिश्चित गर्नु पुरुषको अधिकार कटौती गर्नु होइन भन्ने सकारात्मक सोच समाजमा विकास गर्नुपर्ने उनको भनाइ थियो ।

उच्चअदालत पाटन बार एसोसिएसनकी सहसचिव सुशीला चौधरीले संविधान र कानुनको कार्यान्वयन पक्षमा रहेका कमजोरीलाई गम्भीररुपमा समीक्षा गर्नुपर्ने बताइन् । विद्यालय जाने बालबालिका शिक्षक, परिवार वा आफन्तबाट पीडित हुने घटनाले समुदायमा लैंगिक तथा जातीय विभेद न्यूनीकरणका लागि साझा प्रयास आवश्यक रहेको उनले उल्लेख गरिन् । कार्यक्रममा महिला मानवअधिकाररक्षक राष्ट्रिय सञ्जालकी सदस्य शान्ति तिवारीले संविधानले सुनिश्चित गरेका अधिकार अझै पूर्णरुपमा कार्यान्वयन हुन नसकेको भन्दै राज्यलाई जवाफदेही बनाउन निरन्तर छलफल आवश्यक रहेको बताइन् ।

इन्सेककी अधिकृत गरिमा विष्टले सन् २०२५ मा महिला अधिकारको अवस्थाबारे प्रस्तुत तथ्यांकअनुसार मधेश प्रदेशमा सबैभन्दा धेरै १ हजार ५ सय ८० महिलाहिंसाबाट पीडित भएको जानकारी दिइन् । लुम्बिनी प्रदेशमा १ हजार ३ सय ५६, कोशी प्रदेशमा ६ सय ४०, बागमतीमा ६ सय २०, सुदूरपश्चिममा ६ सय ९, गण्डकीमा ४ सय १६ र कर्णालीमा ४ सय ९ महिला पीडित भएको तथ्यांक इन्सेकले अभिलेख गरेको उनले बताइन् । साइबर अपराध तथा यौनहिंसाका घटनामा वृद्धि भएको उल्लेख गर्दै विष्टले कानुन कार्यान्वयनमा अझै चुनौती रहेको बताइन् ।

कार्यक्रममा वक्ताले बालविवाह, जातीय तथा लैंगिक विभेद, सामाजिक सञ्जालमार्फत् हुने दुर्व्यवहार तथा दलित र आदिवासी जनजाति समुदायका महिलामाथि हुने थप विभेदका विषयमा पनि ध्यानाकर्षण गराएका थिए । उनीहरुले समान न्याय सुनिश्चित गर्न संरचनात्मक अवरोध हटाउँदै समाजमा रहेको हानिकारक अभ्यास र नकारात्मक सोच परिवर्तन गर्न राज्य, नागरिक समाज र समुदायको संयुक्त प्रयास आवश्यक रहेको बताएका थिए ।

# प्रदेशस्तरीय छनोटमा मकवानपुरको पहिलो जीत

साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ पुरुष एकदिवसीय प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता-२०८२ अन्तर्गत बागमती प्रदेशस्तरीय छनोट प्रतियोगितामा मकवानपुरले पहिलो जित हासिल गरेको छ ।

बिहीबार माथिल्लो मूलपानी क्रिकेटमैदानमा भएको खेलमा मकवानपुरले नुवाकोटलाई फराकिलो रनअन्तरले हराउँदै प्रतियोगितामा पहिलो जित हात पारेको हो । मकवानपुरले नुवाकोटलाई २ सय ७९ रनले पराजित गरेको छ । सुरुमा टस जितेर ब्याटिङ गरेको मकवानपुरले नुवाकोटसामु ३ सय ६७ रनको विशाल लक्ष्य प्रस्तुत गरेको थियो । मकवानपुरले निर्धारित ५० ओभरमा ९ विकेट गुमाएर ३ सय ६६ रन बनाएको हो । मकवानपुरका शुभ कंसाकारले सर्वाधिक १२२ रन बनाए ।

यो प्रतियोगितामा कुनैपनि खेलाडीको अहिलेको उच्च व्यक्तिगत स्कोर हो । कप्तान सुमन सुनारले ११० रन, सक्षम बस्ताकोटीले ४६ रन र युविन बुढाथोकीले ३१ रनको योगदान गरे । बल्लिङतर्फ मकवानपुरका रोहित ठाकुर, सकार गजुरेल र स्वरुप श्रेष्ठले समान ३/३ विकेट लिए भने विशाल फुयालले पनि १ विकेट लिए । ३ सय ६७ रनको विशाल लक्ष्य पछ्याएको नुवाकोट ८७ रनमै अलआउट भयो । नुवाकोटले २६ दशमलव ३ ओभरमा सबै विकेट गुमाएर ८७ रन मात्रै बनाउन सक्यो । नुवाकोटका मन्जित थपलियाले सर्वाधिक २४ रन र योगेश बहादुर भट्टक्षेत्रीले १५ रन बनाए ।

नुवाकोटका इसान पलि र विधान खतिवडाले समान २/२ विकेट लिएका थिए । मकवानपुरका सुभ कंसाकार म्यान अफ द म्याच घोषित भए । मकवानपुर यसअघि भक्तपुर र काठमाडौंसँग पराजित भएको थियो । नुवाकोट यो लगातार तेस्रो हार हो । नुवाकोट यसअघि चितवन र काठमाडौंसँग पराजित भएको थियो । मकवानपुर एक खेलमा जित निकाले पनि अंक तालिकाको पाचौं स्थानमै यथावत रहेको छ । प्रतियोगितामा ७ वटा टोलीको सहभागिता रहेको छ ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना